# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी ,झापा
कोशी प्रदेश, नेपाल

Website:www.kankaimun.gov.np
Email:kanakai.mun@gmail.com


**कनकाई नगरपालिकाको घरनक्सा अभिलेखिकरण गर्ने सम्बन्धीअत्यन्त जरुरी सूचना।**

**प्रकाशित मिति २०७९/१२/१३**

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ४२ मा उल्लेख भए बमोजिम घर नक्सा पास सम्बन्धी विशेष व्यवस्थामा मापदण्ड पुगेका तथा स्थानीय सरकार सञ्चालन ऐन जारी हुनुभन्दा अघि नै निर्माण कार्य प्रारम्भ भई सम्पन्न भइसकेका भवनहरुको (व्यवसायिक भवन बाहेक) हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्न लाग्ने दस्तुरको तेब्बर लिई पास गर्ने व्यवस्था रहेको छ । मिति २०७४ साल असोज २९ गते उक्त ऐन जारी भएपछि स्विकृती नलिई निर्माण भएका घर नक्सा अध्यावधिक गर्न समस्या भएको हुदा घर नक्सा ईकाईवाट राजश्व तिरी सम्पन्न प्रमाण पत्र लिन बाँकी रहेका जम्मा ११५ घरहरुको हकमा १ पटकका लागि तेब्बर दस्तुर लिई सम्पन्न प्रमाण पत्र दिने साथै २०७९ पौष २९ गते सम्म नगरपालिकाको एकिकृत घर नक्सा सफ्टवएरमा दर्ता भएका २० वटा संख्याका घरहरुको नक्सा समेत सोहि वमोजिम गर्ने , माथि उल्लेखित घरहरुको आ.व.२०७९/०८० को आषाढ मसान्त सम्ममा घर अभिलेखिकरणको प्रमाण पत्र लिई सक्नु पर्नेछ सो बाहेक २०७४ असोज २९ भन्दा पछि बनेका संरचनाहरुको अभिलेखिकरणका लागि चालु आ.व. २०७९/०८० को आषाढ मसान्त सम्म दर्ता हुने गरी अन्तिम पटकको लागि म्याद थप गर्ने र त्यसरी दर्ता हुन आउने घरहरुको हकमा नक्सा पास गर्न वा स्विकृत नक्सा हेरफेर गर्न लाग्ने दस्तुरको पाँच गुणा दस्तुर लिएर अभिलेखिकरण गर्ने गरी कनकाई नगरकार्यपालिकाको मिति २०७९ चैत्र ०७ गतेको बैठकबाट निर्णय भएको हुँदा, आवश्यक कागजातहरु सहित अनिवार्य रुपमा तोकिएको उक्त अवधिभित्र निवेदन दर्ता गर्नुहुन सम्बन्धित सरोकारवालाहरु सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस नगरपालिका क्षेत्रमा घर/भवन निर्माण गर्नुपूर्व भवन संहिता बमोजिम अनिवार्य निर्माण स्वीकृति लिएर मात्र निर्माण कार्य शुरु गर्नु/गराउन हुन सूचित गरिन्छ । नक्शा पास प्रक्रिया बिना निर्माण कार्य गरे/गराएका घर/भवनहरुमा नियमानुसार रु. २ लाख देखि ५ लाख सम्म जरिवाना वा घर संरचना भत्काउने वा दुवै हुन सक्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**आवश्यक कागजातहरुः-**

१ जग्गा धनीको नागरिकताको प्रतिलिपि थान १,

२ धनी पुर्जाको प्रतिलिपि थान १ ,

३ मालपोत तिरेको रसिदको प्रतिलिपि थान १,

४ जग्गाको वार्ड नक्सा/ फाईल नक्सा प्रतिलिपि थान १/१,

५ चार किल्ला प्रमाणित, ६ पासपोर्ट साईजको फोटो २ प्रति ( जग्गा धनिको )

०७९/१२/१२

विवेक भण्डारी
प्रशासकीय अधिकृत